निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन २०७४
# उम्मेदवारको योग्यता, मनोनयन दर्ता र मतदान प्रक्रिया

प्रशिक्षक सामग्री




## संक्षिप्त जानकारी

**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाडौं

## स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम

- प्रत्येक वडामा १ जना वडा अध्यक्ष र ४ जना वडा सदस्य रहने ।
- प्रत्येक वडाका ४ जना वडा सदस्य मध्ये **एक जना दलित महिला सहित दुईजना महिला सदस्य सुनिश्चितता गरिएको ।**
- स्थानीय तह निर्वाचनमा उम्मेदवार हुन चाहिने मुख्य योग्यता:
  - नेपालको नागरिक,
  - एक्काईस वर्ष उमेर पूरा भएको,
  - मतदाता नामावलीमा नाम समावेश भएको
    (यसको लागि निर्वाचन आयोगको वेवसाइट **www.election.gov.np** अथवा टोल फ्रि नम्बर **१६६००-१४४-२२२** कल गर्नुहोला)
  - कुनै कानूनले अयोग्य नभएको ।



# उम्मेदवारको मनोनयन गर्दा पेश गर्नुपर्ने कागजातहरू

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- **वडा अध्यक्ष** र **वडा सदस्य** पदको लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
- **दलित महिला वडा सदस्य** पदको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिका वा अधिकार प्राप्त निकायले (आयोग तथा जिल्ला प्रशासन कार्यालय) दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,
- **अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखको** लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
- **गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पद**को लागि सम्बन्धित गाउँसभा वा नगरसभाको सदस्य रहेको निस्सा,
- **गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पद**को लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
- **गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको दलित वा अल्पसङ्ख्यक सदस्य पद**को लागि सम्बन्धित गाउँपालिका वा नगरपालिका वा अधिकार प्राप्त निकायले (आयोग तथा जिल्ला प्रशासन कार्यालय) दिएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,
- **जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य पदको लागि सम्बन्धित जिल्लाभित्रका गाउँसभा वा नगरसभाको सदस्य** रहेको निस्सा ।
- राजनीतिक दलको तर्फबाट उम्मेदवारी दिनको लागि आफ्नो मनोनयनपत्र साथ दलले दिएको **औपचारिक पत्र समेत** पेस गर्नुपर्छ ।



# उम्मेदवारले राख्नु पर्ने धरौटी



- वडा सदस्यका लागि — रू. ५००/-
- वडा अध्यक्षका लागि — रू. १०००/-
- अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुखको लागि — रू. १५००/-

महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा ५० प्रतिशत छुट हुने ।



उम्मेदवार मनोनयन गर्दा आयोगले तोकेको धरौटी खातामा तोकिए बमोजिमको धरौटी जम्मा गरेको बैक भौचर वा नगदी रसिद पेश गर्नु पर्ने छ ।



# उम्मेदवारको प्रकार

उम्मेदवार मनोनयन गर्दा राजनीतिक दलको तर्फबाट वा स्वतन्त्र गरी २ प्रकारले गर्न सकिन्छ ।

## दलको उम्मेदवार

- दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये **५०% महिला उम्मेदवार** रहने गरी मनोनयनपत्र पेस गर्ने व्यवस्था मिलाउनु पर्छ ।
  *(दलले एकजना मात्र उम्मेदवारी दिएमा यो प्रावधान लागू हुदैन)*
- अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख, उपप्रमुखको पदका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम भएको व्यक्तिले उम्मेदवारी दिनसक्ने ।
- गाउँपालिका वा नगरपालिकाको वडा समितिका महिला वडा सदस्य पदमा मनोनयनपत्र पेस गर्दा दलले कम्तीमा एक जना दलित महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेस गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- दलले एक जना मात्र महिला वडा सदस्य पदमा उम्मेदवारी दिएमा माथिको प्रावधान लागू हुने छैन ।

## स्वतन्त्र उम्मेदवार

सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्तिले आफूले चाहेको पदमा उम्मेदवारी दिन सक्नेछन् ।

# प्रस्तावक र समर्थक

- मनोनयनपत्रमा एकजना प्रस्तावक र एकजना समर्थकले सही गरी प्रस्ताव र समर्थन गर्नुपर्छ ।
- कुनै व्यक्तिलाई एउटा निर्वाचनको लागि बढीमा दुई मनोनयनपत्रद्वारा मनोनयन गर्न सकिनेछ ।
- अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख पदको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति प्रस्तावक र समर्थक हुन सक्दछन ।
- गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्ष र वडा सदस्यको पदको लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति प्रस्तावक र समर्थक हुन सक्दछन ।
- गाउँ कार्यपालिका र नगर कार्यपालिकाका महिला तथा दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाको सदस्य प्रस्तावक र समर्थक हुन सक्दछन ।
- जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको लागि सम्बन्धित जिल्ला सभाको सदस्य प्रस्तावक र समर्थक हुन सक्दछन ।
- कुनै व्यक्तिलाई मनोनयन गरिएको अवस्थामा निजले मनोनयनपत्रमा आफ्नो मञ्जुरी लेखी दस्तखत समेत गर्नु पर्नेछ ।



# मतदान

- मतदाताले एउटै पानामा तयार गरिएको ६ वटा मतपत्रबाट ७ जनालाई मतदान गर्नु पर्छ ।
- हरेक मतदाताले गाउँपालिकामा भए अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, १ महिला सदस्य, १ दलित महिला सदस्य र २ जना खुला सदस्य गरी ७ जनालाई मतदान गर्नु पर्छ ।
- नगरपालिकाका मतदाताले प्रमुख र उपप्रमुख वडा अध्यक्ष, १ महिला सदस्य, १ दलित महिला सदस्य र २ जना खुला सदस्य गरी ७ जनालाई मतदान गर्नु पर्छ ।
- उम्मेदवार नभएको निवार्चन चिन्हमा मतदान गर्नुहुदैन ।

## मतपत्रका ढाँचाहरू

- **ढाँचा - १** ४५ X २५ अकारको १८ लहरको मतपत्र
- **ढाँचा - २** ५१ X २५ अकारको २२ लहरको मतपत्र
- **ढाँचा - ३** ५१ X ३६ अकारको २८ लहरको दुई खण्डमा छापिएको मतपत्र
- **ढाँचा - ४** ४५ X ५१ अकारको ३६ लहरको दुई खण्डमा छापिएको मतपत्र
- **ढाँचा - ५** ५१ X ५१ अकारको ४४ लहरको दुई खण्डमा छापिएको मतपत्र
- **ढाँचा - ६** ७२ X ५१ अकारको ६८ लहरको दुई खण्डमा छापिएको मतपत्र

नोट : जिल्ला अनुसार मतपत्र ढाँचा फरक फरक हुन्छ ।

# मतपत्र ढाँचा - १

# १८ लहर

जिल्लाः रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, बाजुरा, डोटी

**गाउँपालिका/नगरपालिका निर्वाचन, २०७४**

मतपत्र सङ्ख्या :


जिल्ला : डोटी

गाउँपालिका/नगरपालिका : ..........................................................................................

मतदाता क्रमसङ्ख्या : ........................................................................ वडा नं. ...............

मतदाताको सहीछाप

गाउँपालिका/नगरपालिका निर्वाचन, २०७४




| क्रम | मतपत्र-१ अध्यक्ष/प्रमुख | मतपत्र-२ उपाध्यक्ष/उपप्रमुख | मतपत्र-३ वडा अध्यक्ष | मतपत्र-४ महिला वडा सदस्य | मतपत्र-५ दलित महिला वडा सदस्य | मतपत्र-६ वडा सदस्य दुई जना (दुई कोलमभित्रका कुनै दुई कोठामा मात्र मत सङ्केत गर्नुहोस्) | |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |
| १६ | | | | | | | |
| १७ | | | | | | | |
| १८ | | | | | | | |

मतदान अधिकृतको सही ----------------------------

# मतपत्र ढाँचा - २

# २२ लहर

जिल्ला: ताप्लेजुङ, खोटाङ, सोलुखुम्बु, लमजुङ, पाल्पा, म्याग्दी, प्युठान, रोल्पा, दैलेख, जाजरकोट, बझाङ, अछाम, दार्चुला



# मतदान गर्ने तरिका

- स्थानीय तहको निर्वाचनमा मतदाताले आफ्नो नाम रुजु गराई नङमा मसी लागाए पछि मतपत्र लिने ।
- मतपत्र बुझिलिंदा मतपत्रको तल मतदान अधिकृतले हस्ताक्षर गरे/नगरेको यकिन गरी हस्ताक्षर गरेको मतपत्र मात्र बुझिलिने,
- हस्ताक्षर भएको मतपत्र लिएपछि स्वस्तिक छाप लिई गोप्य मतदान कक्षमा गई आफूले रोज्न चाहेको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाअध्यक्ष, महिला वडा सदस्य, दलित महिला वडा सदस्य सम्मका पहिलो ठाडो कोलम देखि क्रमश: पाचौं ठाडो कोलमा रहेको चिन्हमध्ये प्रत्येक कोलममा एक एक चिन्ह र छैठौ मतपत्रको छैठौ र सातौं कोलमका कुनै २ कोठा भित्रका निर्वाचन चिन्हमा स्वस्तिक छाप लगाउने
- छाप लगाइसकेपछि मसी नलतपतिने गरी मतपत्र राम्रोसँग पट्याएर मतपेटिकामा मत खसाउने,
- मतदान गरेपछि तोकिएको मार्गबाट बाहिर जाने,
- मतदानको दिन मतदान केन्द्रमा मतपत्र लिनु भन्दा पहिले नै कुन कुन उम्मेदवार र कुन चिन्हमा मतदान गर्ने हो सो वारे पहिले नै आफू स्पष्ट हुने ।

# मतदान गर्न जाँदा आवश्यक कागजात

- मतदानका दिन मतदान केन्द्रमा मतदान गर्न जाँदा आयोगले वितरण गरेको नयाँ मतदाता परिचय पत्र वा तोकेको आफ्नो परिचय पत्र लिई जानुहोला,
- दोस्रो चरणको स्थानीय तहका निर्वाचनका लागि आयोग यही मिति २०७४/०३/११, १२ र १३ गते आ. आफ्नो मतदान केन्द्रमा नयाँ मतदाता परिचय पत्र वितरण गर्दैछ । सो अवसरमा आ. आफ्नो मतदाता परिचय पत्र लिनहुन र मतदान कसरी गर्ने भन्ने वारे त्यहाँ उपस्थित मतदाता शिक्षा स्वयम सेविकाबाट लिनहुन र मतदान कसरी गर्ने भन्ने बारे समेत स्पष्ट हुन आग्रह गरिन्छ ।




**मतदानका लागि मतदाताले स्वस्तिक छापले नै मतसङ्केत गर्नुपर्दछ । मतदान केन्द्रमा मतसङ्केत गर्नका लागि राखिएका स्वस्तिक छापको दुवैतर्फ स्वस्तिक चिन्ह हुन्छ । मतदाताले स्वस्तिक छाप उठाउदा छापको स्वस्तिक चिन्ह उप्केको छ/छैन सो समेत ख्याल गर्नुपर्दछ । अन्यथा स्वस्तिक चिन्ह नभएको छाप लगाउदा मत बदर हुन्छ ।**





# सदर मत


## दुई खण्डमा छापिएको मतपत्र





## एक खण्डमा छापिएको मतपत्र







# बदर मत




## दुई खण्डमा छापिएको मतपत्र




मतपत्र १ मा अध्यक्ष/प्रमुखमा दुई तिरनै छाप लगाएको


## एक खण्डमा छापिएको मतपत्र




उपाध्यक्ष वा उपप्रमुखको मत मात्र बदर ।



अध्यक्ष वा पप्रमुखको मत मात्र बदर ।



वडा सदस्यको मत मात्र बदर ।



दलित महिला वडा सदस्यको मत मात्र बदर ।